नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २८७ २०८३ साल असार १२ गते शुक्रबार (26 June 2026 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : समयमै नतिजा प्रकाशनबाट... ३ पृष्ठमा : भेनेजुएलामा शक्तिशाली ... ३ पृष्ठमा अमेरिकी आप्रवासी हिरासत...

## लालपूर्जा माग गर्दै राजविराजवासीद्वारा दिनँहु प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

लालपूर्जा माग गर्दै राजविराज नगरवासीले सुरु गरेको आन्दोलन विहीवार ४० औं दिन पुगेको छ । तर अझै पनि माग पुरा हुन सकेको छैन् ।

यसै क्रममा नगरवासीको तर्फबाट गठित जनआन्दोलन परिचालन समितिले विहीवार पनि लालपूर्जा माग गर्दै प्रर्दशन गरेका छन् ।

स्थानिय राधाकृष्ण मन्दिरको प्राङ्गणबाट सयौंको संख्यामा निस्केको जुलुस "लालपूर्जा अविलम्ब प्रदान गर," अब कुनै बहाना स्विकार्य हुदैन" जस्ता नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका छन् ।

प्रचण्ड गर्मी र चर्को घाममा निकालिएको जुलुशका सहभागीहरुलाई राहत प्रदान गर्न मारवाडी युवा मञ्च राजविराजले सरवत (जुस) वितरण गरेर हौसला बढाएका छन ।

सिटी जुलुस, मशाल जुलुस, लाठी जुलुस, मैनवत्ती जुलुस, अर्धनग्न जुलुस, ऐना जुलुस, थालि पिट्ने जुलुस, दिउसै टर्च बालेर जुलुस, रिले अनशन र बजार बन्द लगायतका कार्यक्रम गरिसेका संघर्ष समितिले माग पुरा नभए सम्म चरणबद्ध आन्दोलदन कार्यक्रम निरन्तर जारी रहने घोषणा गरेका छन ।

जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले आन्दोलनलाई रोक्न सरकारीस्तरबाट अनुरोध आएपनि माग पुरा नभए सम्म कुनै पनि हालतमा आन्दोलन नरोकिने स्पष्ट पारेका छन ।

राजविराज बजार स्थापनाकाल देखी नै आफ्नै लगानीमा भवन तथा अन्य संरचना बनाई वसोवास गर्दै आएका ५ हजार २ सय परिवार लालपूर्जा विहिन अवस्थामा रहँदै आएको छ ।

बजार स्थापना भएको १९९८ सालमा भुमिकर र २०१६ सालमा नगरपालिका घोषणा भएपछी विटौरी कर तिरेर जग्गा उपभोग गर्दै आएका उनीहरु कसैले हालसम्म लालपूर्जा पाउन सकेका छैनन् ।

आन्दोलन चर्किदै गएपछि भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले राजविराज नगरपालिका अन्तरगत देखिएको जग्गा दर्ता सम्बन्धी समस्या समाधानका लागि पाँच सदस्यीय समिति गठन गरेको थियो ।

समस्या समाधानका लागि स्थलगत अध्ययन गरी राय सहितको प्रतिवेदन पेस गर्न मन्त्रालयका उपसचिव नरेन्द्र पौडेलको संयोजकत्वमा गठित समिति राजविराज पुगेर स्थलगत अध्यन पश्चात फर्केको पनि ५ दिन वितिसकेको छ । तर अझै पनि कुनै साकारात्मक सन्देश नआएकोले आन्दोलनलाई निरन्तरता दिइएको संयोजक दासको भनाई छ ।

उक्त समितिलाई मन्त्रालयद्वारा १५ दिनभित्र समस्याको पहिचान र दीर्घकालीन समाधान र सो को कार्ययोजना सहितको प्रतिवेदन पेस गर्न जिम्मेवारी तोकिएको उनको भनाई छ ।

राजविराज स्थापनाकाल देखी नै नगरको मुख्य सडक मेनरोड तथा सडकको दायाँ

*बाँकी अन्तिम पृष्ठमा*

## समाज कल्याण मन्त्रालयका नाममा अल्पकालिन आदेश जारी




**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

उच्च अदालत जनकपुर-राजविराज इजलाशले कर्मचारी फिर्ता बोलाउने एक प्रकरणमा शाखा अधिकृतसहित मधेश प्रदेश खेलकुद तथा समाज कल्याण मन्त्रालय जनकपुरका नाममा निर्णय कार्यान्वयन नगर्न अल्पकालिन अन्तिरिम आदेश जारी गरेको छ ।

असार मसान्तका समयमा कार्य चाप बढेका बेला पुर्वाग्राही तथा इच्छ्याएको ब्यक्तीलाई ल्याउन आफ्नो सरुवा गरिएको भन्दै राजविराजस्थित सामाजिक विकास इकाइ कार्यालयका प्रमुख अनिल कुमार यादवले उक्त निर्णय विरुद्ध उत्प्रेषण समेतको मुद्दामा अदालतले यस्तो आदेश दिएको हो ।

उक्त रिट उपर विहीवार सुनवाई गर्दै न्यायधिश पुण्य शिला

*बाँकी तीन पृष्ठमा*

## शोकमा काँग्रेस पार्टी कार्यालय तीन दिन बन्द रहने




**दैनिक समाचारदाता**
**राजविराज, ११ असार ।**

नेपाली कांग्रेस जिल्ला कार्य समितिले आफ्ना जिल्ला सदस्य शिव भुषण देवको असमायिक निधन भएको शोकमा तीन दिन पार्टी कार्यालय बन्द गर्ने निर्णय गरेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

**छाडा पशु-चौपायाको संरक्षण गरौं**

छाडा पशु-चौपायाका कारणले:

- सडक दुर्घटनाको सम्भाबना बढ्छ,
- वाली तथा बोटबिरुवामा क्षति पुग्छ,
- मानिस र पशु दुवैको जीबन जोखिममा पर्छ,
- जथाभावी फोहोरमैला बिसर्जन हुँदा रोग फैलिन सक्छ,

त्यसैले,

- पशु-चौपायालाई घरमा व्यवस्थित तरिकाले राखौं,
- चरन क्षेत्रको व्यवस्थापन गरौं,
- सडकछेउमा पशु-चौपाया नछाडौं/छाड्न नदिऔं,
- छाडा पशु-चौपायाको नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### योजनाहरु अझै अलपत्र

सप्तरी जिल्लामा वर्षौंदेखी विभिन्न विकासीय योजनाहरु अझै अलपत्र अवस्थामा रहेको छ । आर्थिक वर्ष बित्नै लाग्दा ती अधुरो योजनाहरु यसरी अलपत्र अवस्थामै छन् । ती मध्ये कतिपय योजनाहरु ७/८ वर्षदेखी अलपत्र छन् भने अन्य योजनाहरु तीनदेखी चार वर्षदेखी निर्माणाधीन छन् । तीनै तहका सरकारले करोडौं रकमको लगानीमा ती योजनाहरुको काम सुरु गरेको हो । पाँच वर्षअघि राजविराज ११ स्थित देउरीभरुवामा झण्डै ३१ करोडको लागतमा कोल्ड स्टोर निर्माणको काम सुरु भएको थियो । तर, अहिलेसम्म यो निर्माण काम पूरा हुन सकेको छैन ।

यस्तै राजविराजको विभिन्न सडकहरु कोरोनाकालदेखी नै निर्माणाधीन अवस्थामै छन् । विभिन्न वडामा निर्माण गरिएका सडकहरु संघीय सरकारको मातहतमा सुरु भएको थियो । ठेकेदार कम्पनीको लापरवाही होस् वा सरकारको हेलचक्राइले होस् सडकहरु अझै निर्माण हुन नसक्दा स्थानीयले सास्ती व्यहोर्नु परिहरेको छ । यता सरकारले तोकिएको समयसिमाभित्र निर्माणको काम पूरा गर्न नसकेको तीन वटा योजनाका निर्माण कम्पनीको ठेक्का प्रक्रिया नै रद्द गरेको छ । यसरी ती योजनाहरुको निर्माण हुने समय अब अनिश्चित भएको छ ।

अधिकांश योजना वर्षौ भईसक्दा पनि पूरा हुन नसक्दा जिल्लामा विकासीय कामको नाममा हेलचक्राई भएको छ । तसर्थ अलपत्र योजनाहरुलाई सम्पन्न गराउनेतर्फ तीनै तहका सरकार गम्भिर हुनु आवश्यक छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# समयमै नतिजा प्रकाशनबाट शिक्षा क्षेत्रमा सुशासनको संकेत

काठमाडौँ, ११ असार (रासस) ।
शिक्षा तथा खेलकुद मन्त्रालयले माध्यमिक तथा उच्च शिक्षाको परीक्षा प्रणालीमा उल्लेखनीय सुधार भएको जनाएको छ ।

मन्त्रालयका अनुसार माध्यमिक शिक्षा परीक्षा (एसइई), कक्षा १२ तथा विश्वविद्यालयस्तरीय परीक्षाका नतिजा विगतको तुलनामा छिटो प्रकाशन हुन थालेका छन्, जसले शिक्षा क्षेत्रमा सुशासन र सेवा प्रवाहको प्रभावकारिता बढाएको छ । सेवा प्रवाहलाई छरितो र नतिजामुखी बनाउन विद्यार्थी भर्ना प्रक्रिया तथा परीक्षा प्रणाली सुधारका लागि एकीकृत कार्यतालिका बनाएर काम गर्नेदेखि डिजिटल सुशासनको अवधारणलाई प्रभावकारी कार्यान्वयनमा लगेको छ । विद्यार्थी भर्ना प्रक्रिया, परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनलाई व्यवस्थित बनाउन एकीकृत कार्यतालिका लागू गरिएको शिक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता एवं सहसचिव शिवकुमार सापकोटाले बताउनुभयो ।

शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं २ समेटिएको शिक्षा मन्त्रालयअन्तर्गतको मुख्य काममा विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)ले परीक्षा सम्पन्न भएको मितिले दुई महिनाभित्र परीक्षाफल प्रकाशन गर्ने कार्य प्रारम्भ गर्ने लक्ष्य रहेको थियो । उच्च शिक्षातर्फ विश्वविद्यालय तथा सिटिइभिटीले पनि परीक्षा सम्पन्न भएको करिब दुई महिनाभित्र नतिजा प्रकाशन गर्ने लक्ष्यअनुसार काम गरिरहेका छन् । केही विश्वविद्यालयमा पदाधिकारी रिक्तताका कारण निर्णय कार्यान्वयनमा चुनौती देखिए पनि अधिकांश शैक्षिक संस्थाले कार्यपालिका अनुसार काम गरिरहेको प्रवक्ता सापकोटाले बताउनुभयो ।

शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं २ बमोजिमको मुख्य १० कार्यको प्रगति विवरण मन्त्रालयले अद्यावधि गरेको हो । सोहीअनुसार एसइई २०८२ को नतिजा परीक्षा सम्पन्न भएको २९ दिनमै सार्वजनिक गरिएको छ । यसअघि नतिजा प्रकाशनमा लामो समय लाग्दा विद्यार्थी र अभिभावक अन्योलमा पर्ने गरेका थिए ।

त्यसैगरी राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को नतिजा परीक्षा सम्पन्न भएको ४० दिनमै सार्वजनिक गरेको छ । अघिल्ला वर्षमा यही नतिजा प्रकाशन हुन करिब तीन महिना लाग्ने गरेको थियो । मन्त्रालयले यसलाई परीक्षा व्यवस्थापनमा आएको सकारात्मक परिवर्तनको उदाहरणका रूपमा प्रस्तुत गरेको प्रवक्ता सापकोटाले बताउनुभयो ।

"डिजिटल सुशासन प्रवर्द्धनअन्तर्गत वैदेशिक अध्ययन अनुमति (एनओसी) प्रक्रियालाई थप सहज बनाउन विश्वविद्यालयको तथ्याङ्क प्रणालीसँग एपिआइ लिङ्क स्थापना गरिएको छ । यसबाट विद्यार्थीको भौतिक उपस्थितिको आवश्यकता घट्ने अपेक्षा गरिएको छ । हाल काठमाडौँ विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयको तथ्याङ्क प्रणालीसँग एपिआइ लिङ्क स्थापना भएको छ", प्रवक्ता सापकोटाले भन्नुभयो ।

समकक्षता प्रमाणपत्रको 'भेरिफिकेसन' प्रक्रिया पनि छिटो बनाइएको उल्लेख गर्दै उहाँले आवश्यक कागजात पूरा भएका आवेदकलाई आवेदन दिएको दिनमै प्रमाणपत्र उपलब्ध गराउन थालिएको बताउनुभयो । उक्त कार्यका लागि यसअघि कम्तिमा दुईदेखि तीन दिन लाग्ने गरेको थियो ।

यसैबीच, शिक्षकहरूको क्षमता विकासका लागि 'सिकाइ चौतारी' मोबाइल एप सञ्चालनमा ल्याइएको छ । एपमार्फत हजारौं शिक्षकले अनलाइन तालिम तथा अभिमुखीकरण प्राप्त गरिसकेका छन् । मन्त्रालयका अनुसार परीक्षा प्रणाली, डिजिटल सेवा तथा प्रशासनिक प्रक्रियामा गरिएको सुधारले शिक्षा क्षेत्रमा पारदर्शिता, उत्तरदायित्व र सेवा प्रवाहको गुणस्तर बढाउन सहयोग पुगेको छ ।

# 'एक विद्यालय, एक नर्स' कार्यक्रम १५ सय विद्यालयमा

काठमाडौँ, ११ असार (रासस) ।
सरकारले 'एक विद्यालय, एक नर्स' कार्यक्रम देशभरिका एक हजार ५४६ सामुदायिक विद्यालयमा सञ्चालन गरेको छ ।

स्वास्थ्य सेवा विभागका महाशाखाका निर्देशक हीरादेवी निरौलाका अनुसार बालबालिकाको उपचारको व्यवस्था गर्न नर्स राखिएको बताउनुभयो । तीमध्ये ३२७ सङ्घीय सरकार र बाँकी प्रदेश तथा स्थानीय तहको सरकारको समन्वयमा नर्स राखिएको छ । 'विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम' मार्फत 'एक विद्यालय, एक नर्स' कार्यक्रम सञ्चालन गरेर बालबालिकालाई स्वास्थ्य सेवा उपलब्ध गराइरहेको उहाँले बताउनुभयो ।

"विद्यालय तहमा बालबालिकाको स्वास्थ्य उपचार गर्न नर्सको दरबन्दी सिर्जना गरेर राख्न थालेका छौँ", निर्देशक निरौलाले भन्नुभयो, "ती नर्सले विद्यालय तहका बालबालिकाको आवश्यकताअनुसार समग्र स्वास्थ्य परीक्षण गर्दछन् ।"

नर्सले विद्यार्थीको पोषणको अवस्था, विद्यालय आए/नआएको जानकारी, रक्तअल्पताको परीक्षणलगायत काम गर्छन् । यस्तै रक्तअल्पता कम भएको अवस्थामा आइरन चक्की खान सुझाव दिने गर्दछन् । यसैगरी ती नर्सले विद्यार्थी विद्यालय नआए किन आएन भनेर अभिभावकसँग पनि जानकारी लिने छन् । यस्तै नर्सले आवश्यकताअनुसार विद्यार्थीलाई स्वास्थ्य शिक्षा प्रदान गर्ने छन् ।

सरकारले आव २०७६/७७ मा विद्यालयमा स्वास्थ्य समस्या समाधान गर्न र विद्यार्थीका माध्यमबाट अभिभावकलाई स्वास्थ्यसम्बन्धी जनचेतना फैलाउने उद्देश्यले 'एक विद्यालय एक नर्स' कार्यक्रम बागमती प्रदेशबाट पाइटल कार्यक्रको रूपमा सुरु सञ्चालन गरेको थियो । निर्देशक निरौलाले देशभरिका सबै विद्यालयमा 'एक विद्यालय, एक नर्स' लागू गर्ने भने पनि आगामी वर्ष बजेट विनियोजन नभएकाले थप विद्यालयमा कार्यक्रम लागू गर्न नसकिने बताउनुभयो । 'एक विद्यालय, एक नर्स' कार्यक्रमअन्तर्गत नर्सले विद्यालयका एक छात्रा र छात्रलाई स्वास्थ्य राजदूत बनाएर स्वास्थ्य जनचेतना जगाउने कार्यक्रम पनि सञ्चालन गर्ने गर्दछन् ।

# सरकारी आश्वासनपछि चिया उद्योग खुले

काठमाडौँ, ११ असार (रासस) ।
नेपाल चिया उत्पादक सङ्घले बन्द रहेका चिया उद्योग बिहीबारदेखि पुनःसञ्चालन गर्ने तथा बन्दका कार्यक्रम स्थगन गर्ने निर्णय गरेको छ ।

भारततर्फ चिया निर्यातमा देखिएको समस्याका कारण बन्द गरिएका झापा र इलामका चिया उद्योग बिहीबारदेखि पुनःसञ्चालनमा ल्याइने भएका हुन् । नेपाल चिया उत्पादक सङ्घले बिहीबार जारी गरेको विज्ञप्तिमा सरकारबाट चिया क्षेत्रका समस्यालाई समाधान गर्ने आश्वासन प्राप्त भएपछि उद्योग पुनःसञ्चालन गर्ने निर्णय गरिएको जनाएको छ ।

"चिया निर्यातमा देखिएका व्यापारिक तथा प्राविधिक समस्या समाधान गर्न, किसानले भोग्दै आएका समस्या पहिचान र नेपाली चियाको अन्तरराष्ट्रिय बजार प्रवर्द्धन गर्ने दीर्घकालीन जिम्मेवारीसहित सरकारले विशेष कार्यदल गठन गरेको कार्यदललाई सङ्घले सकारात्मक रुपमा लिएको छ", विज्ञप्तिमा उल्लेख छ, "अतःसरकारको सकारात्मक पहललाई सम्मान गर्ने र चिया क्षेत्र खुला गर्ने निर्णय गरिएको छ ।"

भारतीय चिया बोर्डले लागू गरेको नयाँ एसओपीका कारण नेपाली चिया निर्यातमा अवरोध उत्पन्न भएपछि उद्योगीहरूले उद्योग बन्द गरेका थिए । यही असार ८ गते सरकारले चिया निर्यातमा देखिएको समस्या अध्ययन गरी समाधानका उपाय सुझाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको सहसचिवको संयोजकत्वमा कार्यदल गठन गरेको थियो । सङ्घले कार्यदल गठन तथा सरकारको पहललाई सकारात्मक रूपमा लिँदै किसान र मजदुरको हितलाई ध्यानमा राखेर उद्योग सञ्चालनमा ल्याउने निर्णय गरिएको जनाएको छ ।

# देशभरका २६ लाख किसानको सूचीकरण सम्पन्न

काठमाडौँ, ११ असार (रासस) ।
किसान सूचीकरण प्रणालीमा अहिलेसम्म देशभरका २६ लाख किसान आबद्ध भएका छन् । कृषि, वन तथा पर्यावरण मन्त्रालयले जमिनको विवरण र खेती उत्पादनका आधारमा किसानलाई सूचीकरण गरेको हो ।

विद्युतीय प्रणालीमार्फत सूचीकृत गरी किसानलाई चार तहमा वर्गीकरण गरेर आवश्यक सहुलियत तथा सुविधा दिने लक्ष्यअनुसार काम भइरहेको कृषि सूचना केन्द्रका अधिकृत सञ्जीव पण्डितले जानकारी दिनुभयो । उहाँका अनुसार मन्त्रालयले निर्वाहमुखी किसान, साना किसान, मझौला किसान र ठूला किसान गरी चारप्रकारमा वर्गीकरण गर्ने योजना बनाएको छ । वर्गीकरणपश्चात् किसानलाई परिचयपत्र वितरण गरिने जनाएको छ ।

सरकारले किसानलाई परिचयपत्रका आधारमा अनुदानसहित रासायनिक मल, बीउ, अनुदान, सेवा व्यवस्थापनलगायत सुविधासहित उपलब्ध गराउने जनाएको छ । कृषि जनगणना, २०७८ अनुसार ४१ लाख ३० हजारको सङ्ख्या रहेकाले बाँकी १५ लाखभन्दा बढी किसानलाई पनि सूचीकृत गर्ने कार्य भइरहेको छ ।

केन्द्रले यस कार्यक्रममा आफ्नो नाम दर्ता गराउन किसानलाई आह्वानसमेत गरेको छ । सूचीकरण कार्यक्रमलाई व्यवस्थित बनाउन देशभर स्थानीय तहसँग समन्वय गरी किसानको प्रमाणीकरण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

# भेनेजुएलामा शक्तिशाली भूकम्प



काराकास, ११ असार (रासस/एपी)।

भेनेजुएलामा बुधबार साँझ एक मिनेटको अन्तरमा आएका ७.२ र ७.५ म्याग्निच्युडका दुई शक्तिशाली भूकम्पले देशका विभिन्न भागमा व्यापक क्षति पु¥याएका छन् । राजधानी काराकाससहित धेरै सहरमा भवनहरू हल्लिएका, केही संरचनाहरू भत्किएका तथा हजारौँ मानिस घरबाट बाहिर निस्कन बाध्य भएका छन् । अधिकारीहरूले आपत्कालीन अवस्था घोषणा गर्दै उद्धार तथा राहत अभियान तीव्र बनाएका छन् ।

भूकम्पपछि राष्ट्रका नाममा सम्बोधन गर्दै कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिग्जले धेरै राज्यहरू प्रभावित भएको जानकारी दिनुभयो । उहाँले क्षतिग्रस्त घर तथा भवनहरूको यकिन विवरण, घाइते वा मृत्युको आधिकारिक सङ्ख्या भने सार्वजनिक गर्नुभएको छैन । सरकारले नागरिकहरूलाई शान्त रहन, एकताबद्ध हुन तथा सरकारी निकायहरूसँग समन्वय गर्न आग्रह गरेको छ ।

रोड्रिग्जका अनुसार देशको मुख्य हवाई प्रवेशद्वार सिमोन बोलिभर अन्तर्राष्ट्रिय विमानस्थलमा समेत क्षति पुगेको छ । क्षतिको गम्भीरताका कारण विमानस्थल बन्द गरिएको छ भने विद्यालयका कक्षाहरू केही दिनका लागि स्थगित गरिएका छन् । शिक्षा मन्त्रालयले केही विद्यालयलाई अस्थायी आश्रयस्थल र राहत वितरण केन्द्रका रूपमा प्रयोग गरिने जनाएको छ ।

स्वास्थ्यकर्मीहरूलाई अस्पतालमा उपस्थित भएर घाइतेहरूको उपचारमा सहयोग गर्न सरकारले आह्वान गरेको छ । तटीय फाल्कन राज्यका गभर्नर भिक्टर क्लार्कका अनुसार कम्तीमा ३२ जना अस्पतालमा भर्ना भएका छन् भने भूकम्प गएको चार घण्टापछि पनि १५ जना भग्नावशेषमा फसेका थिए ।

अमेरिकी भूगर्भ सर्वेक्षणले पहिलो भूकम्पको तीव्रता सुरुमा ७.१ मापन गरे पनि पछि ७.२ मा संशोधन गरेको थियो । यसको केन्द्र काराकासबाट करिब १६८ किलोमिटर पश्चिममा क्यारिबियन तटीय क्षेत्रको मोरोन समुदाय नजिक रहेको थियो । २२ किलोमिटर गहिराइमा गएको पहिलो भूकम्पपछि एक मिनेटमै ७.५ म्याग्निच्युडको दोस्रो भूकम्प आएको थियो । दोस्रो भूकम्पको केन्द्र मोरोनबाट १६ किलोमिटर दक्षिणपश्चिममा तथा १० किलोमिटर गहिराइमा रहेको जनाइएको छ ।

एक शताब्दीभन्दा बढी अवधिमा भेनेजुएलामा महसुस गरिएका सबैभन्दा शक्तिशाली भूकम्पमध्ये यी दुईलाई मानिएको छ । स्थानीय समयअनुसार साँझ ६ बजेपछि आएका ती भूकम्पका कारण राजधानी काराकासका मानिसहरू घर, कार्यालय र व्यापारिक भवनबाट बाहिर निस्किएका थिए । कतिपय क्षेत्रमा पर्खालहरू भत्किएका, सडकमा सामान छरिएका र धुलोका मुस्लाहरू उडेको देखिएको थियो ।

सूर्यास्तपछि पनि हजारौँ मानिसहरू सडक, खुला स्थान तथा पार्कमा बसेका थिए । धेरैले आफ्ना घरपालुवा जनावरलाई साथमा लिएर खुला स्थानमा रात बिताएका थिए । कतिपय सडकहरूमा ढलेका संरचना, बिजुलीका खम्बा र भग्नावशेषले आवागमन अवरुद्ध बनाएको थियो । राजधानीका केही क्षेत्रमा विद्युत् सेवा तथा मोबाइल सञ्जालसमेत अवरुद्ध भएको छ ।

काराकास निवासी हेक्टर रिक्कीले सुरुमा हल्का कम्पन महसुस भए पनि केही क्षणमै भूकम्प अत्यन्त शक्तिशाली बनेको बताउनुभयो । उहाँका अनुसार सबै मानिस घरबाट बाहिर निस्केर खुला स्थानमा भेला हुन बाध्य भएका थिए ।

सरकारले राजधानीमा मेट्रो सेवा तथा प्राकृतिक ग्यास आपूर्ति अस्थायी रूपमा बन्द गरेको छ । नागरिकहरूलाई सरकारी मोबाइल एपमार्फत आफ्नो क्षेत्रको क्षति विवरण उपलब्ध गराउन पनि आग्रह गरिएको छ ।

मोबाइल सञ्जाल अवरुद्ध हुँदा देशबाहिर रहेका लाखौँ भेनेजुएलीहरूमा आफ्ना परिवारसँग सम्पर्क गर्न नसक्दा चिन्ता बढेको छ । विदेशमा निर्वासनमा रहेकी विपक्षी नेतृ मारिया कोरिना मचाडोले सामाजिक सञ्जालमार्फत देशवासीलाई धैर्य र एकताको सन्देश दिनुभएको छ ।

गृहमन्त्री डिओसडाडो क्याबेलोले भूकम्प धेरै राज्यहरूमा महसुस गरिएको बताउँदै केही स्थानमा भवन र घरहरूमा गम्भीर क्षति पुगेको जानकारी दिनुभयो । उहाँले आपत्कालीन सवारीसाधनलाई प्राथमिकता दिन तथा बालबालिका र ज्येष्ठ नागरिकको विशेष हेरचाह गर्न आग्रह गर्नुभयो । सम्भावित परकम्पका कारण नागरिकहरूलाई खुला स्थानमा बस्न पनि सुझाव दिइएको छ ।

काराकास निवासी रोबर्टो गामासले भवन एक छेउबाट अर्को छेउसम्म अत्यन्त तीव्र रूपमा हल्लिएको बताउनुभयो । उहाँका अनुसार भूकम्पको शक्तिशाली धक्काले घरभित्रका सामानहरू खसेका थिए र मानिसहरूलाई सुरक्षित रूपमा बाहिर निस्कन निकै कठिन भएको थियो ।

भूकम्पपछि अन्तर्राष्ट्रिय समुदायबाट पनि सहानुभूति र सहयोगका प्रस्ताव आएका छन् । संयुक्त राज्य अमेरिका, चिली, एल साल्भाडोर तथा इक्वेडरले आवश्यक मानवीय सहायता उपलब्ध गराउन तत्पर रहेको जनाएका छन् । अमेरिकी उपविदेशमन्त्री क्रिस्टोफर लान्डाउले भेनेजुएली जनतासँग अमेरिका एकताबद्ध रहेको बताउनुभएको छ । एल साल्भाडोरका राष्ट्रपति नायब बुकेले पनि सामाजिक सञ्जालमार्फत सहानुभूति व्यक्त गर्दै सहयोगको प्रस्ताव गर्नुभएको छ । इक्वेडरका राष्ट्रपति डेनियल नोबोआले तत्काल मानवीय सहायता पठाउन निर्देशन दिएको जानकारी दिनुभएको छ ।

भूकम्पको प्रभाव छिमेकी देशहरूमा समेत महसुस गरिएको छ । ब्राजिलको अमेजन क्षेत्रका मनाउस, बेलेम र मकापा सहरमा भवनहरू खाली गराइएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । कोलम्बियाको क्यारिबियन तथा उत्तरपूर्वी क्षेत्रमा पनि कम्पन महसुस गरिएको भए पनि त्यहाँ क्षति वा मानवीय हानि भएको विवरण प्राप्त भएको छैन ।

प्रशान्त सुनामी चेतावनी केन्द्रले भूकम्पपछि केही समयका लागि सुनामीसम्बन्धी चेतावनी जारी गरे पनि पछि ती चेतावनीहरू फिर्ता लिइएको जनाएको छ ।

भेनेजुएलामा यस्ता शक्तिशाली भूकम्प कमै आउने भए पनि देश दक्षिण अमेरिकी र क्यारिबियन टेक्टोनिक प्लेटको सीमाक्षेत्र नजिक अवस्थित छ । यद्यपि मेक्सिको र चिलीजस्ता प्रशान्त तटीय राष्ट्रहरूको तुलनामा यहाँ ठूलो भूकम्प कम हुने गर्छ । वैज्ञानिकहरूका अनुसार विश्वका करिब ९० प्रतिशत भूकम्प हुने 'रिङ अफ फायर' क्षेत्रमा पर्ने देशहरूमा यस्ता घटनाहरू बढी दोहोरिने गरेका छन् ।

यसैबीच भेनेजुएलामा बुधबार साँझ आएको शक्तिशाली भूकम्पमा कम्तीमा ३२ जनाको मृत्यु भएको तथा ७०० जना घाइते भएको कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिग्जले जानकारी दिनुभएको छ । उद्धार तथा खोजी अभियान जारी रहेकाले मृतकको सङ्ख्या अझै बढ्न सक्ने चेतावनी पनि उहाँले दिनुभएको छ ।

## *समाज कल्याण ...*

दवाडीको एकल इजलाशले अल्पकालिन अन्तरिम आदेश जारी गरेको हो । आदेशमा मधेश प्रदेश सरकार खेलकुद तथा समाज कल्याण मन्त्रालयको चं.नं.७२९ मिति २०८३ असार ५ को पत्र कार्यान्यन नगर्नू गराउनु भनी विपक्षीको नाममा उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिएको उल्लेख छ ।

मधेश प्रदेश सरकार खेलकुद तथा समाज कल्याण मन्त्रालयको च.न.७२९ मिति २०८३ साल असार ५ गतेको पत्रअनुसार कार्यालय प्रमुख यादवलाई मन्त्रालयमा फिर्ता बोलाइएको थियो । आफुलाई गैरकानुनी ढंगले मन्त्रालय फिर्ता बोलाउने निर्णय गरिएको भन्दै उनी मन्त्रालय र शाखा अधिकृत (सातौं तह) आस नारायण चौधरी समेतलाई विपक्षी बनाउदै उच्च अदालत जनकपुर-राजविराज इजलाशमा उत्प्रेषण रिट दायर गरेका थिए ।

आदेशमा निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने ? आदेश जारी नहुनु पर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत उल्लेख गरी १५ दिन भित्र मुख्य न्यायधिवक्ताको कार्यालय मधेश प्रदेश जनकपुर मार्फत लिखित जवाफ पेश गर्नू भनी उल्लेख छ ।

आदेशमा उक्त विषयमा छलफल प्रयोजनका लागी असार १८ गतेको पेशी समेत तोकिएको छ ।

# विश्व समाचार

## अमेरिकी आप्रवासी हिरासतको मृत्युदर दशककै उच्चः अधिकार समूह

न्युयोर्क, ११ असार (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासीहरू विरुद्धको कडा कदमको बीचमा अध्यागमन र भन्सार प्रवर्तन (आईसीई) हिरासतमा मृत्यु वरण गर्ने व्यक्तिको सङ्ख्या एक दशककै उच्च स्थरमा पुगेको जनाइएको छ ।

सन् २०२५ जनवरीमा ट्रम्पको दोस्रो कार्यकाल सुरु भएदेखि आईसीई हिरासतमा कम्तिमा ५२ जनाको मृत्यु भएको "ह्युमन राइट्स वाच" र "फिजिसियन्स फर ह्युमन राइट्स" को संयुक्त प्रतिवेदनले पुष्टि गरेको छ ।

ट्रम्पले आफ्नो दोस्रो कार्यकालमा अवैध आप्रवासन नीतिलाई उच्च प्राथमिकता दिएसँगै अमेरिकि अधिकारीहरूले हजारौं मानिसहरूलाई हिरासतमा लिएको जनाइएको छ ।

सन् २०२५ जनवरी देखि सन् २०२६ को जनवरी सम्म, आईसीई हिरासतमा वार्षिक मृत्यु दर एक वर्ष अघिको तुलनामा १४० प्रतिशतले बढेको प्रतिवेदनले जनाएको छ ।

मृत्युदर ट्रम्पका पूर्ववर्ती जो बाइडेनको शासनकालमा भन्दा लगभग चार गुणा र सन् २०१७ देखि २०२१ सम्म रिपब्लिकनको पहिलो कार्यकालको तुलनामा दुई गुणा बढी रहेको प्रतिवेदनले जनाएको छ ।

हिरासतमा मृत्युदर उच्च स्थरमा बढेको प्रतिवेदनको सह-लेखक एचआरडब्लु अनुसन्धानकर्ता रेगन विलियम्सलाई उदृत गर्दै एएफपीले जनाएको छ ।

हिरासतमा रहेका एक जना व्यक्तिलाई नजरबन्दमा स्ट्रोक भएको भए पनि उपयुक्त औषधि उपचार नगरिएको विषयलाई प्रतिवेदनमा साभार गरिएको छ ।

यसै गरी अर्को उदाहरणका लागि एक जना मेक्सिकनको हृदयघात पछि आवाश्यक उपचारको अभावमा मृत्यु भएको उल्लेख गरिएको छ ।

प्रतिवेदनमा आप्रवासन हिरासत केन्द्रहरू बढ्दै जाँदा, चिकित्सा सेवामा कमि आएको जनाइएको छ ।

हार्वर्ड मेडिकल स्कुलकी बालरोगकी सहायक प्राध्यापक र प्रतिवेदनकी सह-लेखिका क्याथरिन पिलरले आईसीई बन्दीहरूलाई सुरक्षा दिन अमेरिकी सरकार असफल भएको बताउनुभएको छ ।

प्रतिवेदनले आईसीई हिरासतमा आत्महत्या गर्ने मानिसहरूको ठूलो संख्यालाई पनि प्रकाश पार्दै सन् २०२५ जनवरी देखि सनु २०२६ जनवरीसम्म सात जनाको मृत्यु भएको जनाइएको छ ।

## इरान युद्धमा ८७ अर्ब डलर माग

वासिङ्टन, ११ असार (रासस/सिन्ह्वा)।

इरानसँगको युद्धका कारण बढ्दो सैन्य खर्चका बीच ह्वाइट हाउसले अमेरिकी कङ्ग्रेससँग ८७ अर्ब ६० करोड अमेरिकी डलरको अतिरिक्त बजेट माग गरेको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पको इरान नीति र युद्ध व्यवस्थापनमाथि कङ्ग्रेसमा विवाद चर्किरहेका बेला आएको यो प्रस्तावले नयाँ राजनीतिक बहस पनि सिर्जना गरेको छ ।

ह्वाइट हाउसको व्यवस्थापन तथा बजेट कार्यालयले बुधबार कङ्ग्रेसलाई पठाएको पत्रमा इरानसँग सम्बन्धित 'अपरेसन एपिक फ्युरी' का तत्काल आवश्यकताका साथै अफ्रिकामा फैलिएको इबोला प्रकोप नियन्त्रण र अमेरिकी किसानलाई सहयोग गर्न अतिरिक्त बजेट आवश्यक रहेको जनाएको छ ।

प्रस्तावित रकममध्ये करिब ७० अर्ब डलर रक्षा मन्त्रालयलाई छुट्याइएको छ । यो रकम सैन्य तयारी, सैनिक कर्मचारीको खर्च, युद्धका क्रममा प्रयोग भएका हतियार तथा सामग्रीको पुनः भण्डारण, सञ्चालन खर्च र गोप्य कार्यक्रमहरूका लागि प्रयोग गरिने जनाइएको छ ।

यस अतिरिक्त बजेट प्रस्तावमा अमेरिकी किसानहरूलाई सहयोग गर्न ११ अर्ब डलर तथा अफ्रिकामा फैलिएको इबोला प्रकोप नियन्त्रणका लागि एक अर्ब ४० करोड डलर पनि समावेश गरिएको छ ।

प्रशासनले वासिङ्टन डीसी र आसपासका पुनर्निर्माण तथा पूर्वाधार आयोजनाका लागि ५० करोड डलर र न्युयोर्कस्थित पेन स्टेसनको नवीकरण कार्य सम्पन्न गर्न थप एक अर्ब डलर माग गरेको छ ।

यद्यपि इरानसँगको युद्धप्रति जनसमर्थन कमजोर बन्दै गएका बेला यो खर्च प्रस्तावले कङ्ग्रेसमा कडा चुनौती सामना गर्ने देखिएको छ। दुवै दलका केही सांसदहरूले युद्धसम्बन्धी थप खर्चप्रति असन्तुष्टि जनाउँदै आएका छन् ।

यसैबीच अमेरिकी सिनेटले मङ्गलबार इरानसम्बन्धी युद्ध अधिकार प्रस्ताव पारित गर्दै कङ्ग्रेसको स्वीकृतिबिना राष्ट्रपति ट्रम्पलाई थप सैन्य कारबाही सुरु गर्न नपाउने व्यवस्था गरेको छ । फेब्रुअरीको अन्त्यदेखि सुरु भएको द्वन्द्वपछि पहिलो पटक यस्तो प्रस्ताव कङ्ग्रेसका दुवै सदनबाट पारित भएको हो ।

सिनेटमा केही रिपब्लिकन सांसदहरूले पनि डेमोक्रेटहरूसँग मिलेर मतदान गरेपछि राष्ट्रपति ट्रम्पले उनीहरूको आलोचना गर्नुभएको छ ।

सामाजिक सञ्जालमार्फत उहाँले ती चार रिपब्लिकन सिनेटरलाई 'हारेका व्यक्ति' भन्दै उनीहरूले आफ्नो काम कठिन बनाएको टिप्पणी गर्नुभएको थियो । उहाँले चुनौतीका बाबजुद आफ्नो योजना अघि बढाउने बताउनुभएको छ ।

# विद्यालय तहको पाठ्यक्रम प्रारूप पुनरावलोकन गर्न सुझाव माग

काठमाडौं, ११ असार (रासस)। विद्यालय तहको पाठ्यक्रम पुनरावलोकन गर्न गठित कार्यदलले सरोकारवालासँग रायसुझाव मागेको छ। 'राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६'लाई समयसापेक्ष पुनरावलोकन गर्न गठित कार्यदलले आफ्नो कार्ययोजनाबमोजिम सुझाव मागेको हो।

पाठ्यक्रम विकास केन्द्रले आफ्नो वेबसाइटमार्फत सार्वजनिक रूपमा माग गरिएको राय सुझाव तथा प्रतिक्रियाका लागि तोकिएको फाराम प्रकाश गरेको छ। राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को गत वैशाख ११ गते शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा भएको ९८औं बैठकले काठमाडौं विश्वविद्यालयको 'स्कुल अफ एजुकेसन' का डीन प्रा डा बालचन्द्र लुइँटेलको संयोजकत्वमा कार्यदल गठन गरेको थियो।

शैक्षिक वर्ष २०८० देखि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को पाँच वर्षे चक्र पूरा भएकाले पनि त्यसमा पुनरावलोकन गर्न लागिएको हो। कार्यदलका सदस्यहरुमा डा लेखनाथ पौडेल, डा अमिना सिंह, पवित्रबहादुर गौतम, डा प्रमोद भट्ट, ज्ञानेन्द्र मल्ल, सागेन्द्र श्रेष्ठ, रीचा न्यौपाने, रेवती कार्की र सदस्यसचिवमा पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक युवराज पौडेल हुनुहुन्छ।

# देशभर एक लाख ३७ हजार हेक्टर जमिन रोपाइँ

काठमाडौं, ११ असार (रासस)। देशभर एक लाख ३७ हजार हेक्टर जमिन रोपाइँ भएको छ। कृषि विभागले देशभर करिब १० प्रतिशत धान रोपाइँ भएको जनाएको हो। गत वर्षको तुलनामा रोपाइँ ०.४ प्रतिशतले बढेको छ।

मुलुकभर करिब १३ लाख ८१ हजार हेक्टर जमिनमा रोपाइँ हुने गर्दछ। यही असार ८ गतेसम्म सबैभन्दा बढी कर्णाली प्रदेशमा २२.८ प्रतिशत र बागमती प्रदेशमा २.३ प्रतिशत रोपाइँ भएको छ।

मधेस प्रदेशमा करिब पाँच प्रतिशत मात्र रोपाइँ भएको छ। धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ। सो क्षेत्रबाट धानको उत्पादकत्व वृद्धि भई कूल उत्पादनको ७० प्रतिशत योगदान रहेको छ भने पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको छ।

विभागका महानिर्देशक प्रकाशकुमार संजेलका अनुसार मनसुन अलि ढिला सक्रिय भएकाले रोपाइँका लागि देशका अधिकांश ठाउँमा आवश्यक वर्षा हुन सकेको छैन। मौसमको प्रतिकूलता, प्राकृतिक विपद्, अतिवृष्टि तथा अनावृष्टि, मलको समस्याले कतिपय क्षेत्रमा ढिलो रोपाइँ हुने गरेको छ। कृषि सूचना केन्द्रले कृषि उत्पादन बढाउन पछिल्लोपटक विकास भएका ज्ञान, सीप, प्रविधि प्रयोग, मनसुनका अवस्थासम्बन्धी जानकारी दिँदै आएको छ।

# कक्षा १२ को नतिजामा त्रुटि सच्याउन विद्यार्थीको माग

काठमाडौं, ११ असार (रासस)। कक्षा १२ को नतिजा प्रकाशनमा र मूल्याङ्कनमा त्रुटि भएको भन्दै सच्याउन विद्यार्थीले माग गरेका छन्।

काठमाडौंको माइतीघरमा 'प्ले' कार्डसहित भेला भएर उनीहरूले नतिजा पुनःमूल्याङ्कन र पुनःयोग गर्न शिक्षा तथा खेलकुद मन्त्रालयको ध्यानाकर्षण गराएका हुन्। राष्ट्रिय परीक्षा बोर्डले यही असार ५ गते कक्षा १२ को परीक्षाको नतिजा प्रकाशन गरेको थियो।

यसैबीच शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सरकारले परीक्षाफल छिटो प्रकाशन होस् भन्ने चाहे पनि हतारो नगरिएको स्पष्ट पार्दै नतिजाप्रति उठेको आवाजबारे समितिमार्फत सुनुवाइ गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

# गर्मी बढेपछि वीरगञ्जका सबै विद्यालय चार दिन बिदा

पर्सा, १० असार (रासस)। वीरगञ्जमा अत्यधिक गर्मी बढ्न थालेपछि यहाँका सबै विद्यालयमा चार दिनका लागि बिदा दिइएको छ। वीरगञ्ज महानगरपालिकाले बिहीबार सूचना जारी गरी बढ्दो गर्मी र अत्यधिक तापक्रम (लू) लाई मध्यनजर गर्दै महानगर क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा गर्मी बिदा घोषणा गरेको हो।

महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले जारी गरेको सूचनामा भनिएको छ, "प्रस्तुत विषयमा बढ्दो गर्मीका कारण बालबालिकाको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई मध्यनजर गर्दै असार ११ गतेदेखि चार दिन वर्षे बिदाबाट कट्टा हुने गरी महानगरअन्तर्गतका बाल विकासदेखि कक्षा १२ सम्मका सबै सामुदायिक तथा संस्थागत विद्यालय बन्द रहने व्यहोरा निर्देशानुसार सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।"

पछिल्लो दिनमा तराई-मधेसका जिल्लाहरूमा तापक्रम निरन्तर बढ्दै गएपछि जनजीवन प्रभावित बन्दै गएको छ।

# गैरकानुनी रूपमा बसेका २४ बङ्गलादेशी नागरिक पक्राउ

काठमाडौं, ११ असार (रासस)। नेपाल प्रहरीले गैरकानुनी रुपमा नेपालमा बसेका २४ बङ्गलादेशी नागरिकलाई पक्राउ गरेको छ।

प्रहरी वृत्त स्वयम्भुबाट खटिएको टोलीले काठमाडौं महानगरपालिका-१५ डल्लु र सितापाइला क्षेत्रमा गैरकानूनी रुपमा बसोबास गर्दैआएका बङ्गलादेशी नागरिकलाई पक्राउ गरेको हो। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले नेपाल प्रवेश गरेका स्थायी परिचय खुल्ने कागजात, पासपोर्ट नरहेका तथा म्याद सकिएको पर्यटक भिसा लिई गैरकानुनी रुपमा नेपाल बस्दै आएका उनीहरुलाई पक्राउ गरिएको जानकारी दिनुभयो।

प्रहरीले उनीहरुलाई डल्लु, सीतापाइलालगायतका क्षेत्रमा कपडा कारखानामा काम गर्दै गरेको अवस्थामा पक्राउ गरेको प्रवक्ता भट्टराईले बताउनुभयो। पक्राउ परेका उनीहरुलाई आवश्यक कानुनी कारवाहीका लागि बुधबार अध्यागमन विभाग कालिकास्थान पठाइएको छ।

# नतिजा समयमै प्रकाशन गर्न कुनै हतार गरिएको होइन : मन्त्री पोखरेल

काठमाडौं, ११ असार (रासस)। शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले राष्ट्रिय परीक्षा बोर्डले नतिजा समयमै प्रकाशन गर्न कुनै हतार नगरेको स्पष्ट पार्नुभएको छ।

मन्त्री पाखरेलले बिहीबार सामाजिक सञ्जालमा पोस्ट गर्दै आवश्यक जनशक्ति थप गरी तथा अनावश्यक प्रशासनिक प्रक्रिया छोट्याएर नतिजा प्रकाशित हुनुपर्ने समयमा नै सार्वजनिक गरिएको बताउनुभएको हो।

"राष्ट्रिय परीक्षा बोर्डको नतिजा प्रक्रियाप्रति हामी स्पष्ट र विस्वस्त छौं। नतिजा समयमै प्रकाशन गर्न कुनै हतारो गरिएको हैन, बरु आवश्यक जनशक्ति थप गरी र अनावश्यक प्रशासनिक प्रक्रिया छोट्याएर नतिजा प्रकाशित हुनुपर्ने समयमा नै प्रकाशित गरिएको हो", मन्त्री पोखरेलले उल्लेख गर्नुभएको छ।

मन्त्री पोखरेलले नतिजासम्बन्धी विषयमा शान्तिपूर्ण रूपमा भइरहेका आन्दोलनप्रति सम्मान व्यक्त गर्दै लोकतान्त्रिक समाजमा नागरिकले आफ्ना धारणा राख्ने अधिकारको सम्मान गरिनुपर्ने बताउनुभयो। आन्दोलनरत विद्यार्थी वा कुनै पनि समूहप्रति गालीगलौज, दुर्व्यवहार तथा अपमानजनक टिप्पणी नगर्न उहाँले सबैमा आग्रह गर्नुभएको छ।

यसैबीच नतिजा प्रक्रियाबारे उठेका जिज्ञासा र प्रश्नको निष्पक्ष परीक्षणका लागि शिक्षा तथा खेलकुद मन्त्रालय र पाठ्यक्रम विकास केन्द्रका उपसचिवको प्रतिनिधित्व रहने समिति गठन गरिएको मन्त्री पोखरेलले जानकारी दिनुभयो। उक्त समितिले उत्तर पुस्तिकाको नमूना परीक्षण गर्नुका साथै परीक्षाङ्क र 'डेटा इन्ट्री'को रुजु गर्नेछ।

### शोकमा काँग्रेस ...

काँग्रेस सप्तरीका सचिव सनत कुमार मण्डलद्वारा बिहीबार जारि विज्ञप्तिमा देव निधनमा शोक मनाउन तीन दिन पार्टी कार्यालय बन्द गर्ने निर्णय गरिएको उल्लेख छ।

जारि विज्ञप्तिमा जिल्लाको महादेवा गाउँपालिका २ निवासी देवको असार ८ गते सोमबार उपचारका क्रममा निधन भएको जनाउँदै उनको निधनले नेपाली काँग्रेस सप्तरी स्तब्ध भएको उल्लेख छ।

विज्ञप्तिमा स्वर्गीय देवले आफ्नो जिवन कालमा प्रजातन्त्र लोकतन्त्रमा पुऱ्याएका योगदानको उच्च मुल्याङ्क गर्दै उनको निधनले काँग्रेस सप्तरी परिवार अत्यन्त स्तब्ध एवं मर्माहित भएको जनाइएको छ।

सोही विज्ञप्तिमा दिवगंत आत्माप्रति चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोकाकुल परिवारमा धैर्यधारण गर्न बाबा श्री पशुपतिनाथ सँग कामना गगरिएको छ।

### लालपूर्जा माग गर्दै...

बाया करिब ७० विगहा क्षेत्रफलमा वसोवास गर्दै आएका नगरवासीहरु हाल सम्म लालपुर्जा विहीन छन्।

पुस्तौदेखी जग्गा उपभोग गर्दै आए पनि कसैको नाममा लालपुर्जा अहिले सम्म बन्न सकेको छैन। यद्धपी नापी कार्यालयले ती मध्येका दुई दर्जन भन्दा बढीलाई विभिन्न मितिमा आर्थिक लाभ लिएर लालपुर्जा प्रदान गरिसकेको जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले बताउँदै अ॰ एका छन्।

नापी कार्यालय राजविराजको २०२८ सालको नापी अनुसार फिल्डबुकमा पनि उक्त जग्गाहरु गाउँ/ब्लकमा रहेको स्पष्ट उल्लेख छ। उक्त जग्गामा वसोवास गर्दै आएकाहरुको नागरिक्तामा समेत वसोवास गर्दै आएको उक्त जग्गा भएको ठाउँको ठेगानामा उल्लेख छ। यस्तै विजुली, खानेपानी, नगरपालिकालाई महसुल र कर तिरेको रसिद पनि छ। तर सबै प्रमाण हुदा पनि लालपुर्जा पाउन नसकेको नगरवासीको गुनासो छ।

आन्दोलन चर्किंदै गएपछि यस अघि राजविराज नगरपालिकाको मिति २०८२ कार्तिक २८ गते सम्पन्न ९ औ नगरसभाले व्यक्तीको स्वामित्वमा रहेको उक्त जग्गाको लालपुर्जा प्रदान गर्न नापी कार्यालयललाई सिफारिस समेत गरिसकेको छ।

## अनमिको सर्टिफिकेट हराएको सूचना

सप्तरीको साविकको मलहनवा गाविस वडा नं. १ निवासी कविता साहको मिति २०८३/०१/१५ गते कुशहाबाट राजविराजतर्फ आउदै गरेको अवस्थामा अनमिको सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८४२८२११०७ मा सम्पर्क बुझाइ दिन हुन अनुरोध छ।

**नाम : कविता साह**

**फोन नं. : ९८४२८२११०७**

सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:

१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), लेआउट : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np